गौरीशंकर गाउँपालिका
Gaurishankar Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of Rural Municipality Executive
सुरी, दोलखा
Suri, Dolakha
बागमती प्रदेश, नेपाल
Bagmati Province, Nepal

पत्र संख्या/Ref No:- 082/083
चलानी नं./Dispatch No: -
मिती/Date:- 2082/07/27

## ५०% अनुदानमा मौरीको (खाली) घार माग गर्ने सम्बधि सूचना ।

गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार **मौरीको (खाली) घार वितरण कार्यक्रम** अन्तर्गत ५०% लागत साँझेदारिमा (कृषकको ५०% तथा गाउँपालिकाको ५०%) मा सञ्चालन हुने भएकोले सूचना प्रकाशित मितिले १५ औं दिन (मिति २०८२/०८/११ गते कार्यालय समय भित्र) तल उल्लेखित आवश्यक कागजात सहित गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छी विकास शाखा, सुरी दोलखा र हरेक आइतबार र सोमबार सेवा केन्द्र भोर्लेमा मौरीको (खाली) घारको माग/निवेदन पेश गर्नुहुन सूचित गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदन कार्यक्रममा समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

१. कृषकको हकमा, तोकिएको ढाँचामा निवेदन र नेपाली नागरिकताको प्रतिलिपि ।
२. कृषि फर्मको हकमा तोकिएको ढाँचामा निवेदन, नेपाली नागरिकताको प्रतिलिपि, फर्म दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि तथा स्थायी लेखा नं. र कर चुक्ताको प्रतिलिपि।
३. कृषक समूह/कृषि सहकारीको हकमा तोकिएको ढाँचामा निवेदन, संस्था दर्ता/नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नं, कर चुक्ताको प्रतिलिपि, मौरीको घार माग सम्बन्धि संस्थाको निर्णय, आवेदन पेस गर्न अख्तियारी दिएको निर्णय र अख्तियारी दिएको व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि ।
५. सूचना बमोजिमको ५०% लागत साँझेदारी गर्नुपर्ने रकम पनि आवेदन पेस गर्ने समयमै यस कार्यालय लाई बुझाउनु पर्नेछ ।

कार्यक्रम विवरण :

| क्र.सं. | कार्यक्रम | प्रति घार कुल लागत रु. | गाउँपालिका बाट अनुदान (५०%) प्रति घारु रु. | कृषकको लगानि (५०%) प्रति घार रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | मौरीको (खाली) घार वितरण कार्यक्रम | ३५००/- | १७५०/- | १७५०/- | |

नोटः सूचना बमोजिमको ५०% लागत साँझेदारी गर्नुपर्ने रकम पनि आवेदन पेस गर्ने समयमै यस कार्यालय लाई बुझाउनु पर्नेछ।

बोधार्थः
श्री सूचना प्रविधि शाखाः वेभसाइटमा सूचना प्रकाशन गरिदिनु हुन ।
श्री वडा कार्यालय सवै, गौरीशंकर गाउँपालिका, सूचना वडा कार्यालयको सूचना पाटिमा सूचना टाँस गरिदिनुहुन।

पुनश्चः थप जानकारीको लागि गौरीशंकर गाउँपालिका कृषि तथा पशुपन्छि विकास शाखा सुरी, दोलखामा सम्पर्क गर्न सकिने छ। सम्पर्क – (९८६१३८३६३८, ९८४४१८५०२९।

रितेश उप्रेकोटी
प्रमुख प्रशासकीय अधिकृत

श्रीमान् कार्यालय प्रमुख ज्यू
गौरीशंकर गाउँपालिका कार्यालय, सुरी दोलखा।

मिति २०८२ /  /

विषय — मौरीको खाली घार माग सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गौरीशंकर गाउँपालिकाको मिति.......... ..........गते प्रकाशित सार्वजनिक सूचना बमोजिम आवश्यक कागजात सहित ब्यक्ति/समुह/सहकारी /संस्था/ कृषि फर्मले ........................................ कार्यक्रम अन्तर्गत तपसिलको रकम बुझाई घार मागको निवेदन पेश गरेको छु/छौ ।

**तपसिल**

| क्र.सं. | माग विवरण | इकाई | परिणाम | कृषक/कृषि फर्म/संस्थाले बेहोरेको ५०% रकम | कार्यालयले व्यहोर्ने ५०% रकम | कुल रकम रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | मौरीको खाली घार | वटा | | रु. | रु. | रु. | |

नोटः कृषक/कृषि फर्म/समुह/संस्थाले बेहोरेको (५०%) बापत जम्मा रकम रु.
अक्षरुपीः

निवेदक

दस्तखत-
नाम-
पद-
ठेगाना-
सम्पर्क न.-
संस्थाको छापः-